Internet Service Provider Association of Nepal
ISPAN

# सूचना ॥।

गत आ. व. ०७५/०७६, श्रावण १ गतेदेखि लागु हुने गरी इन्टरनेट सेवामा १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क (TSC) लाग्ने गरी आर्थिक ऐन, २०७५ को दफा १५ मा व्यवस्था गरिएकोमा सो व्यवस्थाबाट हामी इन्टरनेट सेवाप्रदायकहरुले लागु गरिएको १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क (TSC) आम प्रयोगकर्ताबाट नियमानुसार असुलउपर गर्नुपर्ने भएकोले सो बाट उपभोक्तालाई पर्न जाने आर्थिक भारलाई मध्यनजर गर्दै सोको उचित समाधानको लागि अर्थ मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय लगायत नेपाल दूरसंचार प्राधिकरणका प्रतिनिधि विच छलफल गरी आम प्रयोगकर्तालाई थप आर्थिक भार नपार्नको लागि शुल्क समायोजन गर्न माननीय (सूचना तथा संचार प्रविधि) मन्त्रीज्यूको रोहवरमा संचार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल दूरसंचार प्राधिकरण र इन्टरनेट सेवा प्रदायक संघका प्रतिनिधिहरुको उच्च स्तरिय समिति गठन भएको थियो ।

उक्त समितिको सिफारिसको आधारमा इन्टरनेट सेवाको मूल्य समायोजन गर्न दूरसंचार नियमावलीमा आवश्यक संशोधन गर्ने र कुनै पनि सरकारी निकायबाट इन्टरनेट सेवामा कुनै किसिमको मूल्य वृद्धि हुने कामकारवाही नगर्नको लागि मिति २०७५/०४/१५ गते लिखित सहमति समेत भएको थियो । सोही अनुसार नेपाल दूरसंचार प्राधिकरणले पनि मिति २०७५/०४/२७ गते हामी इन्टरनेट सेवा प्रदायकहरुलाई इन्टरनेटको मूल्य समायोजन गरी तत्कालै कार्यान्वयन गर्न भनि पत्राचार गरिएको थियो । सोही बमोजिमले यस संघका सेवा प्रदायकहरुले सहमति र निर्देशनलाई हालसम्म अक्षरांश पालना गरि रहेका छौ । तर सरकारले सो सहमती अनुसार दूरसंचार नियमावलीमा आवश्यक संशोधन नगरेकोले श्रावण १, २०७६ (आ. व. ०७६।०७७) देखि १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क (TSC) लागु गर्न इन्टरनेट सेवा प्रदायकहरुलाई यो सूचना प्रषित गरिन्छ । धन्यवाद ॥

भवदीय

बिनोद जोशी
कोर्डिनेटर